आज मिति २०८२ बैशाख १० गते बुधबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको वडा नं.६ को कार्यालयमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ७१ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | श्री खड्ग बहादुर गुरुङ | नगर प्रमुख |
| | श्री पुष्पराज खनाल | नगर उपप्रमुख |
| | श्री विष्णु प्रसाद पौडेल | वडा अध्यक्ष १ |
| | श्री लक्ष्मण शाही | वडा अध्यक्ष २ |
| | श्री देउ बहादुर पौडेल | वडा अध्यक्ष ३ |
| | श्री बलराम पराजुली | वडा अध्यक्ष ४ |
| | श्री शङ्ख बहादुर सार्की | वडा अध्यक्ष ५ |
| | श्री गोविन्द चिलुवाल | वडा अध्यक्ष ६ |
| | श्री मोहनलाल श्रेष्ठ | वडा अध्यक्ष ७ |
| | श्री कृष्ण बहादुर रानाभाट | वडा अध्यक्ष ८ |
| | श्री लुविन्द्र गुरुङ | वडा अध्यक्ष ९ |
| | श्री लक्ष्मण गुरुङ | वडा अध्यक्ष १० |
| | श्री नानुमाया लामा | कार्यपालिका सदस्य |
| | श्री सोचना लौडारी | कार्यपालिका सदस्य |
| | श्री कल्पना सुनार | कार्यपालिका सदस्य |
| | श्री दिलमाया गुरुङ | कार्यपालिका सदस्य |
| | श्री चन्द्रावती पन्थी | कार्यपालिका सदस्य |
| | श्री सुक बहादुर वि.क. | कार्यपालिका सदस्य |
| | श्री विन्दु वि.क. | कार्यपालिका सदस्य |
| | श्री विमला कुमाल | कार्यपालिका सदस्य |
| | श्री धनेश्वर पौडेल | प्र.प्र.अ., सदस्य-सचिव |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | श्री तुल बहादुर बि.क. | वरिष्ठ प्रशासकीय अधिकृत |
| | श्री श्याम बहादुर पराजुली | लेखा अधिकृत |
| | श्री विमला वाग्ले | प्रशासकीय अधिकृत |
| | श्री नितेश रिसाल | ईन्जिनियर |

मिति २०८२/०१/१० गतेको ७१ औं नगरकार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०८१/१२/२२ मा प्रकाशित नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणापत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार यस राइनास नगरपालिकाको वडा नं. ९ मा रहेको राइनासकोट होमस्टेमा पर्यटन प्रवर्द्धन गरी स्थानीय आर्थिक विकासमा योगदान पुर्‍याउन बहुउद्देश्यीय सामुदायिक भवन निर्माण आयोजनाको अवधारणापत्र तयार गरी पेश गर्ने र कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम गर्ने ।

- नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि यस राइनास नगरपालिकाको ईन्जिनियर श्री नितेश रिसाललाई फोकल पर्सन (सम्पर्क व्यक्ति) तोक्ने ।
- नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि आर्थिक वर्ष ०८२/८२ मा यस राइनास नगरपालिकाको तर्फबाट नियमानुसारको ३० प्रतिशत लागत सहभागिता गर्ने निर्णय गरियो ।
- कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा १६(ज) बमोजिम देहाय बमोजिमको राइनास नगरपालिकाको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने ।

देहाय :

- नगर उपप्रमुख श्री पुष्पराज खनाल - संयोजक
- वरिष्ठ प्रशासकीय अधिकृत श्री तुल बहादुर बि.क. - सदस्य
- ईन्जिनियर श्री नितेश रिसाल - सदस्य
- सहायक प्रशासकीय अधिकृत श्री रमेश थापा - सदस्य
- सूचना प्रविधि अधिकृत श्री सिजन देवकोटा - सदस्य

निर्णय नं.२ :

स्वेदशी नेपाल सँस्थाले यस राइनास नगरपालिकाको सबै वडामा महिलाहरुको पाठेघर (आङ) खस्ने रोगको स्क्रिनिङ गरेको र ४३५ विरामी जाँच गरी १३२ मा समस्या पत्ता लागेको तथा संस्थाले नै थप उपचार गर्ने प्रतिवेदन प्राप्त भएको । उक्त कार्यमा खटिएका संस्थाका विदेशी सहितका स्वास्थ्यकर्मीहरु वस्दा खाना तथा बास बापतको खर्च नगरपालिकाले व्यहोर्ने पूर्व निर्णय अनुसार हाल प्राप्त रु.१९०७५५।– को विल भुक्तानी गर्न विविध शिर्षकबाट नपुग हुने भएकोले चालु तर्फको सि.नं.७६ (२२५२९) बाट भुक्तानी दिने ।

निर्णय नं.३ :

नगरपालिकाको चालु तर्फ विनियोजित बजेट शिर्षक २२२१३ "सवारी साधन मर्मत" खर्च शिर्षकमा रकम अपुग भएको, सवारी साधन मर्मत गरेका विलहरु समेतको भुक्तानी गर्नुपर्ने र यस आर्थिक वर्षको बाँकी समयका लागि समेत बजेट आवश्यक पर्ने र १५ औं नगरसभाको निर्णय नं.३ बमोजिम चालु तर्फका शिर्षकबाट चालु र पुंजीगत शिर्षकबाट पँजीगत खर्च शिर्षकमा कार्यपालिकाले रकमान्तर गरी खर्च गर्न सक्ने निर्णय भए अनुरुप सि.नं.३८(२२४११) बाट रु.१४ लाख बजेट शिर्षक २२२१३ "सवारी साधन मर्मत" मा रकमान्तर गरी भुक्तानी दिने र आगामी नगरसभामा लगी अनुमोदन गर्ने ।

निर्णय नं.४:

चालु खर्चतर्फ इन्धन २२२१२ बाट रकम खर्च भई नपुग हुने अवस्था भएको हुँदा ईन्धन कार्यालय प्रयोजनमा नपुग हुने रकम चालु तर्फको सि.नं.३४ (२२३१५) बाट रु.५ लाख रकमान्तर गरी भुक्तानीको व्यवस्था मिलाउने साथै गत आर्थिक वर्ष ०८०/८१ मा भुक्तानी सफल नभएका रकमहरु यकिन गरी सम्बन्धित खर्च शिर्षकहरुमा रकम भए सोहीवाट र नभए सम्बन्धित चालु वा पुंजीगत शिर्षकमा वचत हुने रकमबाट रकमान्तर गरी भुक्तानी दिने र आगामी नगरसभामा लगी अनुमोदन गर्ने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

योजनाहरुको अनुगमन अधिकार वडास्तरीय अनुगमन समितिमा राखी उक्त सीमा भन्दा बढी रकमका योजना नगर उप प्रमुखको संयोजकत्वमा रहेको नगरस्तरीय योजना अनुगमन तथा मूल्यांकन सिफारिस समितिबाट गर्ने ।

**निर्णय नं.१३ :**

राइनास नगरपालिका वडा नं. ९ मा रहेको गोरखनाथ सिद्ध मन्दिर निर्माण तथा मिनी ग्रेट वाल विस्तारका लागि सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा आगामी आर्थिक वर्ष ०८२/८३ मा बजेट व्यवस्थाका लागि अनुरोध गर्ने।

**निर्णय नं.१४ :**

दुर्घटनामा परेको नगरपालिकाको कृषि एम्बुलेन्सको मेकानिकल ईन्जिनियरबाट लागत अनुमान तयार गरी कोटेशन माग गर्ने र मर्मत गर्ने ।

**निर्णय नं.१५ :**

राइनास नगरपालिका वडा नं.२ का भिम बहादुर कामीको निवेदन तथा वडाको सिफारिस अनुसार भएको क्षति उपर राहतका लागि आर्थिक सहायता शिर्षकबाट रु.१०,०००।- भुक्तानी दिने ।

**निर्णय नं.१६ :**

इन्टरनेशनल काउन्सिल अफ म्युजियम नेपाल नामक गैरनाफामुलक गैरसरकारी संस्थाले राइनास नगरपालिका भौतिक अभौतिक सँस्कृतिको उत्खनन, संकलन, व्याख्या र विश्लेषण सहितको पुस्तक प्रकाशन गर्न लागेको र सोको लागि आर्थिक सहयोग प्रस्ताव गरेकोमा उक्त शिर्षकमा रकम स्वीकृत नभएको खोजमूलक पुस्तक प्रकाशन गरी निशुल्क बितरण गरेको विवरण प्राप्त गरी उक्त संस्थालाई रु.२ लाख स्वीकृत कार्यक्रमको चालु तर्फ सि.नं.६९ (२२५२२)"मेयर उद्यमशिलता कार्यक्रम" अन्तरगत बचत हुने रकमबाट व्यहोर्ने ।

**निर्णय नं.१७ :**

राइनासको चिनारी वृत्तचित्र निर्माण सि.नं.७१ (२२५२२) वाट नगरपालिकाको मुख्य मुख्य विषय राखी परामर्शदाताबाट वृत्तचित्र निर्माण गर्ने ।

**निर्णय नं.१८ :**

तार्कुघाटमा रहेको जिर्ण फेरीको फलाम लिलाम बिक्री गरी राजस्व प्राप्त गर्न न्यूनतम रु.३०००००।-(अक्षरुपी तीनलाख मात्र ) कायम गर्दै सार्वजनिक सूचना गरिएको नगर कार्यपालिका कार्यालयको निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं.१९ :**

नगरपालिकाको भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागि भूउपयोग ऐन, २०७६ को दफा १८(२) बमोजिम नगरकार्यपालिकाले स्थानीय भूउपयोग परिषद्को रुपमा कार्य गर्ने व्यवस्था बमोजिम राइनास नगरकार्यपालिकाले स्थानीय भूउपयोग परिषद्को कार्य गर्ने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.५:

चालु तथा पुंजीगत तर्फका शिर्षकहरुमा तोकिएको परिमाणको कार्य सम्पन्न भई सोही प्रकृतिका सेवा निर्माण मालसामान, औषधी आदिमा खर्च गर्न आवश्यक भएमा नेपाल सरकार तथा प्रदेश सरकार तर्फका सशर्त, समपुरक र विशेष अनुदान रकम बाहेकका स्रोतको रकमबाट कार्यान्वयन गरिने कार्यक्रमहरुमा सम्बन्धित शिर्षकबाटै भुक्तानी दिने गरी निर्णय साथ कार्य गर्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने र आगामी नगरसभामा लगी अनुमोदन गर्ने

निर्णय नं.६ :

राइनास नगरपालिका वडा नं.६ मा रहेको एल्सा कन्स्ट्रक्सन एण्ड क्रसर प्रा.लि.का संचालक श्री रुद्र राज कडरियाले कित्ता नं.१४९६को जग्गामा पोखरी निर्माण गरी माछापालन गर्न दिएको निवेदन सम्बन्धमा छलफल गर्दा नगरपालिकाबाट नगर प्रमुख र उपप्रमुख सहितको प्राविधिक टोलीले स्थलगत अनुगमन गरी क्षेत्र निर्धारण गर्ने र उक्त जग्गाको सीमानामा रहेको सँधियार जग्गाधनीको लिखित स्वीकृतिको आधारमा पोखरी निर्माण गर्न दिने उत्खननको क्रममा निस्कने ढुंगा, गिटी र कंक्रिट यकिन गरी नियमानुसारको दस्तुर र माछापालन व्यवसाय दर्ता कागजात समेत प्राप्त गरी पोखरी निर्माण भए नभएको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाई अनुगमन गर्ने।

निर्णय नं.७:

नगरपालिकाबाट विगत आर्थिक वर्षबाट शुरु गरिएको किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिने र किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ को दफा २४ बमोजिम अभियान संचालनका लागि एक वडामा ३ जना सहजकर्ता खटाउने र प्रति घरधुरी रु.७५ का दरले रकम भुक्तानी गर्ने ।

निर्णय नं.८ :

यस अघि पेश भएको राइनास नगरपालिका आधारभुत नगर अस्पताल/स्वास्थ्य संस्था संचालन कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने ।

निर्णय नं.९ :

यस अघि पेश भएको राइनास नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८२ लाई स्वीकृत गर्ने ।

निर्णय नं.१० :

राइनास नगरपालिकाको सुत्केरी हुने महिलाको लागि निशुल्क एम्बुलेन्स/यातायात खर्च प्रादन गर्ने कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने ।

निर्णय नं.११ :

राइनास नगरपालिकाको भवन अभिलेखीकरण गर्ने कार्यविधि २०८१ संशोधन गर्ने ।उक्त कार्यविधिमा उल्लेख भएको दस्तुरलाई स्थानीय सरकार सँचालन ऐन २०७४ को दफा ४२ को उपदफा १ (घ) अनुरुप कायम गर्ने ।

निर्णय नं.१२ :

राइनास नगरपालिकाको योजना अनुगमन, मूल्यांकन फरफारक एवं भुक्तानी सम्बन्धी कार्यविधि, २०७८ संशोधन गर्ने । उक्त कार्यविधिको दफा ४ खारेज गर्ने तथा दफा ५ को उपदफा २(ङ) बमोजिम रु. ५ लाख सम्मका

(प्रेमेश्वर पौडेल, प्रमुख प्रशासकीय अधिकृत)

आज मिति २०८२ बैशाख २५ गते बिहिबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिका वडा नं.८ को कार्यालयमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ७२ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेल भयो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री बिष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री धनेश्वर पौडेल | सदस्य-सचिव |

आमन्त्रित अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | ब.प्र.अ. श्री तुल बहादुर बि.क. | प्रशासन शाखा |
| | प्र.अ. श्री विमला वाग्ले | |
| | न.पु.सं. श्री पुतली लम्साल वाग्ले | |
| | लेखा अधिकृत श्री श्याम बहादुर पराजुली | |
| | | |

मिति २०८२/०१/२५ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

यस अगाडि भएका बैठकका निर्णयहरु र तिनको कार्यान्वयन स्थिति तथा नगरपालिकाको समग्र बस्तुस्थितिबारे छलफल एवं समिक्षा गरियो।

निर्णय नं. २

नगरपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य कार्यालयहरु लगायत नगरपालिकाका नियमित सेवा प्रवाह गर्ने सम्पुर्ण एकाइहरुबाट भए गरेका कार्यहरुलाई प्रभावकारी बनाउने बारे छलफल गरियो। सेवा प्रवाहलाई सहज,सरल,पूर्वानुमानीय (Predictable) बनाउन भौतिक, मानविय, नीतिगत स्रोतहरुको समूचित प्रबन्ध गर्दै अगाडि बढाउने।

निर्णय नं. ३

नेपाल जलवायु अनुकुलन कार्यक्रम अन्तर्गत राष्ट्रिय अनुकूलन कार्ययोजना अनुरुपको स्थानीय अनुकूलन कार्ययोजना (२०८१-८२/२०८६-८७) पेश भयो। कार्ययोजना उपर थप छलफल गर्दै आगामी वैठकमा पुःन पेश गर्ने ।

निर्णय नं. ४

परामर्शदाताबाट तयार भई नगरकार्यपालिकाको कार्यालयमा २०८२/०१/१२ मा छलफल भएको राइनास नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पेश भएकोमा उक्त प्रतिवेदन उपर आगामी बैठकमा थप छलफल सहित पारित गर्नका लगि पेश गर्ने ।

निर्णय नं. ५

नवनिर्मित वडा कार्यालय भवन वडा नं.१ मा कार्यालय सार्न तत्काल फर्निचर,फर्निसिङ (पर्दा,कार्पेट,कुर्ची, टेबल आदि) सामाग्रीहरु खरिद गरी व्यवस्थापन गर्नुपर्ने भएको र नगरपालिका तर्फको खरिदबाट व्यवस्थापन गर्न अपुग हुने भएकोले १ नं. वडा कार्यालयको विविध शीर्षकको रकमबाट फर्निचर खरिदमा भुक्तानी गर्न कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ६

वडा नं. ६ स्याउली स्थित कोल्ड स्टोर निर्माण गर्न आ.व. २०७९/८० मा ठेक्का सम्झौता भई करिब रु १ करोड ५० लाख खर्च भइसकेको अवस्थामा डिभिजन वन कार्यालयसंग जग्गा विवाद भई निर्माण रोकिएको,लामो समय रोकिएको उक्त निर्माण कार्यको ठेक्का म्याद थप हुन नसकी नगरसभाको चौधौं वैठकबाट उक्त ठेक्का अन्त्य गरिएको। हाल डिभिजन वन कार्यालय लमजुङ तथा वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश समेतका निकायमा छलफल हुँदा सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना संशोधन गरी "आयमूलक कार्यमा प्रयोग गर्न सक्ने" प्रावधान स्वीकृत गरी निर्माण कार्य अगाडि वढाउन सकिने निष्कर्श अनुरुप नै सामुदायिक वन उपभोक्ता समसितिको कार्ययोजना संशोधन भई आएको,नगरपालिकाले सामुदायिक वन उपभोक्ता समितिसंग सम्झौता गरेको आधारमा संघीय सरकारबाट प्राप्त रकम रु १ करोड बाट यथाशीघ्र वोलपत्र खोली निर्माण कार्यलाई निरन्तरता दिन नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

कंचनजंघा सन्तोष जे.भि. प्रा.लि. बेसीशहरले मिति २०८१/०५/२६ को निवेदन तथा संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय कास्की पोखराको च.नं.७९१ मिति २०८१/०९/०३ को पत्रासाथ Integrated Urban Development Program at Rainas,Lamjung ठेक्का नं. FPIU/KASKI/NCB/WOKS/080/81/102 को लागि यस नगरपालिकाका वडा नं.२ र ३ को टिमुरे क्षेत्रमा क्रसर प्लान्ट स्थापनाको लागि IEE को स्वीकृति भएकोले उक्त IEE गर्न स्वीकृति हुन निवेदन दिएकोमा उक्त क्षेत्रमा क्रसर स्थापना गर्न दिदा वातावरणीय क्षति धेरै हुने भएकोले स्वीकृति दिन नसकिने ।

निर्णय नं. ८

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको रकमबाट स्थानीय बरोजगार व्यक्तिहरुलाई रोजगारी दिने तथा स्थानीय स्तरमा अति आवश्यक भएका निम्न योजना तथा कार्यक्रमहरुमा रकम बाँडफाँड गरी संचालन गर्ने ।

योजनाहरुको विवरण:

| क्र.सं. | योजना विवरण | संचलन वडा | रकम |
|---|---|---|---|
| १ | कालीमाटी गैरीथोक हुँदै ज्ञानोदय मा.वि.गोरेटो बाटो मर्मत | वडा नं.१ | १ लाख |
| २ | दमाढुङ्गा महेन्द्र बाल विकास मा. वि. बोराङ गोरेटो बाटो मर्मत | वडा नं.१ | १ लाख |
| ३ | तीनघर गाउँको पदमार्ग निर्माण | वडा नं.२ | २ लाख |
| ४ | कांसेपहिरो देखी गैरीगाउँ जाने गोरेटोबाटोमा सिंढी निर्माण | वडा नं.३ | २ लाख |
| ५ | गायाबोटबाट लुपुगाउँ चण्डी मन्दिर जोड्ने गोरेटो बाटो मर्मत | वडा नं.६ | १ लाख |
| ६ | माझहटियाबाट खाँदखेत जोड्ने गोरेटो बाटो मर्मत | वडा नं.६ | १ लाख |
| ७ | शारदा मा.वि. उपल्लो फाँट सिंचाई कुलो निर्माण | वडा नं.७ | १ लाख २० हजार |
| ८ | सडक मर्मत तथा हेरालु व्यवस्थापन | वडा नं.७ | ८० हजार |
| ९ | पाङ्ग्रे कालिका मन्दिरमा जाने बाटो निर्माण | वडा नं.८ | १ लाख |
| १० | घोरेटारीबाट बर्दल जाने गोरेटोबाटो निर्माण | वडा नं.८ | १ लाख |
| ११ | वडा नं.१० भित्रका मूल सडकका नाला एवं आन्तरिक सडकहरु सरसफाई कार्यक्रम | वडा नं.१० | १ लाख |
| १२ | वडा नं.१० को दलित बस्ती जाने गोरेटो बाटो मर्मतसम्भार योजना | वडा नं.१० | १ लाख |

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९

नगरपालिका अन्तर्गतको मध्यपहाडी राजमार्ग क्षेत्र बाहेकका पक्की सडकमा भएका खाल्डा पुर्ने, नाला कटाउने, सरसफाई गर्ने लगायतका साना मर्मत संभार कार्य गर्न प्राविधिक ल.ई. तयार गर्ने र उपलब्ध स्रोत मध्ये बाट खर्च गर्न नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १०

वडा नं.१० ले जेष्ठ नागरिक सम्मान तथा अपाङ्ग सहायता कार्यक्रम सम्पन्न गर्न रु २७,०००.०० अपुग हुने भएकोले नगरपालिकाबाट व्यवस्थापन गर्न अनुरोध भई आएकोमा उक्त प्रस्ताव अन्तर्गतको खाजा खर्च बापतको बिल प्राप्त गरी रु २०,०००.०० नगरपालिकाको विविध शिर्षक(२२७११)बाट भुक्तानी दिने ।

निर्णय नं. ११

मस्याङ्दी बहुमुखी क्याम्पसको च.नं. १६६ मिति २०८२/०१/१४ को पत्रबाट त्यहाँ मिति २०८२/०१/२७ र २८ गते संचालन हुने "राष्ट्रिय अनुसन्धान सम्मेलन २०२५" का लागि आर्थिक सहयोग अनुरोध भएकोमा नगरपालिकाको सि.नं.५१ (२२५१२) बाट रु ३०,०००।- आर्थिक सहयोग गर्ने र उक्त रकम बराबरको कार्यक्रम संचालन गर्दा हुने खर्चको बिल कागजात सहित क्याम्पसबाट दोहोरो नपर्ने प्रतिबद्धता सिफारिस प्राप्त गरी भुक्तानी पठाउने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत